# आ.व. २०८२/०८३को वार्षिक समीक्षा प्रतिवेदन

मितिः २०८३/०४/२२ गते

# १. पृष्ठभूमि

स्थानीय तहको वार्षिक कार्यसम्पादनलाई व्यवस्थित रूपमा समीक्षा गरी हासिल भएका उपलब्धि, कार्यान्वयनको अवस्था, देखिएका चुनौती तथा सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गर्नु प्रभावकारी स्थानीय शासनका लागि महत्वपूर्ण हुन्छ। गाउँपालिकाबाट एक आर्थिक वर्षभरि सञ्चालन गरिएका नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाहको समीक्षा गर्दा उपलब्ध स्रोत—साधनको उपयोग, कार्यक्रम कार्यान्वयनको प्रभावकारिता, वित्तीय तथा भौतिक प्रगति र आगामी कार्यदिशा निर्धारण गर्न समेत सहयोग पुग्दछ।

यसै सन्दर्भमा **ताराखोला गाउँपालिकाले आ.व. २०८२/०८३ मा सञ्चालन तथा कार्यान्वयन गरेका वार्षिक नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाहको समग्र समीक्षा गर्न मिति २०८३/०४/२२ गते वार्षिक समीक्षा कार्यक्रम सञ्चालन गरेको हो।** उक्त कार्यक्रममा गाउँपालिकाका विभिन्न शाखा/इकाइ, वडा कार्यालय तथा सम्बन्धित पदाधिकारीहरूबाट आ.व. २०८२/०८३ मा सम्पादन गरिएका कार्यहरूको प्रगति विवरण प्रस्तुत तथा समीक्षा गरिएको थियो।

कार्यक्रममा वार्षिक स्वीकृत नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था, भौतिक तथा वित्तीय प्रगति, सेवा प्रवाहको अवस्था, शाखा तथा वडा तहबाट सम्पादित प्रमुख कार्यहरू, प्राप्त उपलब्धिहरू, कार्यान्वयनका क्रममा देखिएका चुनौती तथा सुधारका सम्भावित उपायहरूका विषयमा छलफल गरिएको थियो। साथै, विगतको कार्यसम्पादनबाट प्राप्त सिकाइलाई आगामी आर्थिक वर्षका नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा उपयोग गर्ने र गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी, जवाफदेही, पारदर्शी तथा परिणाममुखी बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।

यस वार्षिक समीक्षा कार्यक्रमले गाउँपालिकाको समग्र कार्यसम्पादनको अवस्था पहिचान गर्नुका साथै **उपलब्धिको संस्थागतकरण, सुधारका क्षेत्रको पहिचान, कार्यसम्पादनमा देखिएका अन्तरको सम्बोधन तथा आगामी कार्ययोजनालाई थप यथार्थपरक र परिणाममुखी बनाउन आधार प्रदान गरेको छ।** सोही कार्यक्रमका क्रममा प्रस्तुत विषयवस्तु, छलफल तथा निष्कर्षहरूलाई समेटी यो वार्षिक समीक्षा प्रतिवेदन तयार गरिएको हो।

## ३. चालु आर्थिक वर्षको वित्तीय प्रगति

**आय तर्फ (रु.मा)**

- कुल अनुमानः ४२,४३,२०,८७२
- जम्मा प्राप्तीः ४१,९३,४४,०९६.४५
- संघीय सरकारबाट प्राप्त अनुदानः २५,८५,९५,३५८

- गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान १,६४,६३,७१६
- राजश्व बाँडफाँटबाट प्राप्त रकमः ७,४३,३५,७६७.३५
- आन्तरिक श्रोत/अल्याः ६,९९,४९,२१०.१०

**खर्च तर्फ (रु.)**

- जम्मा खर्चः ३४,११,७५,३९०.५३ (८०.४%)
- चालु खर्चः २२,१७,६३,७३९.९३ (८४.१३%)
- पूँजीगत खर्चः ११,९४,११,६५०.६० (७४.५%)

## ४. आन्तरिक लेखापरीक्षण तर्फ

- आ.व. २०८१/०८२ को बेरूजू सम्परीक्षणको लागि आवश्यक प्रमाण कागजात संकलन गरी रू ८१२७१४२१ बेरूजू सम्परीक्षण गराइएको ।
- आ.व. २०८२/०८३ को आन्तरिक लेखापरीक्षण अन्तिम चरणमा रहेको ।

## ५.जनशक्ति व्यवस्थापन

- स्थायी सेवामाः- ३३ जना
- करार सेवामाः- ५९ जना
- जम्माः- ९२ जना

## ६. आ.व. २०८२/०८३मा प्रशासन शाखाबाट भए गरेका कामकाजहरुः

- ताराखोला गाउँपालिकाबाट विभिन्न कार्यलयलाई पत्राचार, फाइल व्यवस्थापन, कर्मचारी हाजिरी जस्ता दैनिक प्रशासनिक कामकाज सञ्चालन भएको,
- ताराखोला गाउँपालिको कर्मचारीको हाजिरी स्थानान्तरण, सेवा पुस्तिका, पदिन्नती, अनुशासनजन्य कारबाही लगायतका कार्यहरु व्यवस्थापन भएको,
- अन्य शाखा र वडा कार्यलयसँग समन्वय गरेर सेवा प्रवाहमा सहजता ल्याईएको,
- नागरिकका गुनासो तथा सुझावहरु संकलन गर्ने र विभिन्न शाखासँग समन्वय गरी समाधानका लागि प्रयास गरिएको,
- ५९ जना करारका कर्मचारीको २०८३ पुष मसान्त सम्म करार नविकरण गरी कर्मचारी व्यवस्थापन कार्यलाई स्वचालित र अनुमानयोग्य बनाईएको,
- अत्यावश्यक बिदा स्वीकृत गरिएको, कर्मचारीहरुलाई विभिन्न ठाउँमा तालिममा सहभागी हुन प्रबन्ध मिलाईएको,
- कर्मचारीमा सकारात्मक धारणाको विकास भई कार्य सन्तुष्टि र कार्य सम्पादनको स्तर अभिवृद्धि गर्न, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न तथा नेतृत्व विकास गर्न विभिन्न ठाँउमा तालिममा पठाईएको,

- कार्यपालिका बैठक, गाउँसभा तथा अन्य समिति बैठकहरुको समन्वय गरिएको, यो आर्थिक वर्षमा १९ वटा कार्यपालिका बैठक र ४ वटा गाँउ सभाको बैठक सम्पन्न भएका, कार्यपालिका बैठक तथा गाउँ सभाको कार्य सूची तयार गर्ने, बैठकको निर्णय लेख्ने, र निर्णयहरु अभिलेख राख्ने काम भएका,
- स्रोत अनुमान समिति, बजेट तर्जुमा समिति, राजश्व परामर्श समिति तथा MTEF बैठक सम्पन्न भएका, कार्य सूची तयार गर्ने, बैठकको निर्णय लेख्ने र निर्णयहरु अभिलेख राख्ने काम भएका,
- संघ तथा प्रदेश सरकार र विभिन्न मन्त्रालय तथा कार्यलयहरुमा माग भए बमोजिमका तथ्याङ्क संकलन गरी पठाईएको, संघीय सरकार तथा प्रदेश सरकारमा समपूरक र विशेष अनुदानको मागको लागि योजना छनौट गरी पठाईएको, सो बाहेक संघीय सरकारमा तथा गण्डकी प्रदेश सरकारमा अन्य थुप्रै योजना माग गरिएको,
- अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत मातहतमा रही दैनिक प्रशासनिक काम काज भईरहेको, यसै सन्दर्भमा सङ्घीय तथा प्रदेश सरकारमा पत्राचार गर्ने कार्यहरु भइरहेका,
- आ.व. २०८२/०८३ मा विभिन्न कार्यालयबाट आएका १००३ चिठ्ठी पत्र दर्ता भएका छन भने यस कार्यालयबाट विभिन्न कार्यालयमा १४२६ वटा चिठ्ठी पत्र चलानी भएका,

## ७. आर्थिक वर्ष २०८२।०८३, मिति २०८२/०४/०१-२०८३/०३/३२ सम्म सङ्कलन भएको आन्तरिक राजश्व विवरण

| क्र.सं. | राजस्व शीर्षक | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | सम्पती कर | ५,२९,२४४.५० | |
| २ | भुमिकर/मालपोत | ११,२९,५९३.३० | |
| ३ | वहाल कर | १,६४,१४०.०० | |
| ४ | अन्य मनोरञ्जन कर | ७१,०००.०० | |
| ५ | व्यवसायले भुक्तानी गर्ने | २५०.०० | |
| ६ | अन्य कर | २०,७००.०० | |
| ७ | अन्य निकायबाट प्राप्त लाभांश | १,०००.०० | |
| ८ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १०,०००.०० | |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री | २९,०२,५०७.३३ | |
| १० | परीक्षा शुल्क | १,७००.०० | |

| | | | |
|---|---|---|---|
| ११ | यातायात क्षेत्रको आम्दानी | ५,३२,३५०.०० | |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | १,०७,३००.०० | |
| १३ | सिफारिश दस्तुर | ११,२६,६५०.०० | |
| १४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,७३,०००.०० | |
| १५ | नाता प्रमाणित दस्तुर | ९६,०००.०० | |
| १६ | अन्य दस्तुर | ४,९८,८३२.२५ | |
| १७ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,१९,३००.०० | |
| १८ | व्यवसाय कर | ६,६५,७३३.०० | |
| १९ | बेरूजू | ८४,६८५.०० | |
| २० | विज्ञापन कर | १५,०००.०० | |
| **जम्मा** | | ८४,४८,९८५.३८ | |

## ८. भौतिक प्रगति विवरण

### योजना शाखा

आ. व. २०८२/८३ मा ताराखोला गाउँपालिकाको पूर्वाधार क्षेत्रको उपभोक्ता मार्फत काम गरी सम्पन्न भएको योजना विवरण देहाय बमोजिम रहेको छ ।

| वडा न | ५ लाख भन्दा साना योजना संख्या | ५ देखि १० लाखसम्मको योजना संख्या | १० लाखदेखि माथि १५ लाख सम्मको योजना संख्या | १५ लाख देखि २० लाख सम्मको योजना संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | 25 | 4 | 1 | 1 | |
| २ | 16 | 4 | 1 | 0 | |
| ३ | 24 | 2 | ० | 0 | |
| ४ | 13 | 2 | 1 | 0 | |
| ५ | २५ | 3 | 0 | 0 | |

| जम्मा | 103 | 15 | 3 | 1 | १२२ |
|---|---|---|---|---|---|

मुख्य कार्यहरुः

- प्रत्येक वडा कार्यालयमा गएर योजना सम्झौता सम्पन्न गरेको ।
- प्रत्येक योजनाको फिल्डमा गइ योजना अनुगमन तथा सहजीकरण गरेको ।
- योजना पुस्तिका छपाइ कार्य गरी भुक्तानीको लागि उपभोक्ता समितिलाइ कागजातमा सहजता भएको ।
- सम्झौता भएको योजनाहरु सवै सम्पन्न भएको ।

**पूर्वाधार शाखा**

| क्र.स | योजनाको नाम | सम्झौता रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. ४ वडा अफिस दोगाडि रानीबास पलिम फेदी देखि मंगला गाउँपालिका म्याग्दी जोड्ने पिच सडक | १,०६,८६,९६१।७३ | १,०५,१८,०९५।४९ | कार्य सम्पन्न भएको |
| २ | दलामचौर मोटरेबल पुल | ४,२१,७५,३७०।४९ | २,७५,९२,४४१।७१ | काम भइरहेको |
| ३ | शहिदमार्ग अर्गल पालिका पुवाधुनेखोला सिले रोड | ७३,७९,७३०।६९ | ७३,११,५१९।८७ | कार्य सम्पन्न भएको |
| ४ | करिमेला नमुना गाउँ सडक ढलान | १३,९१,१४६।६७ | १३,८९,८०९।४५ | कार्य सम्पन्न भएको |
| ५ | लानुवाघाट कल्भर्ट निर्माण | १२,१७,२८१।७५ | ११,९५,६९१।८९ | कार्य सम्पन्न भएको |
| ६ | माझखर्क दरौदि औलखोला सर्पाण्डी भातखाने डाडा सडक निर्माण | ४१,६६,८९९।८१ | ३७,६८,२९३।८५ | कार्य सम्पन्न भएको (१९१६७७।८५ पुर्वनिर्धारित हर्जना LD र ७२००० पेश्कि फछ्र्यौट ब्याज असुल गरि भुक्तानी गरीएको) |
| ७ | वडा नं. ५ प्रशासकिय भवन निर्माण | २,१०,५८,४६५।९८ | १,१२,३३,८४०।०० | काम भइरहेको |
| ८ | अर्गल स्वास्थ्य चौकि भवन निर्माण (बहुबर्षीय) | ३,२३,५६,७३५।३५ | | पेश्कि भुक्तानी भइ काम भइरहेको |
| ९ | सिर्खु पात्ले मोटरबाटो | १८,९५,४४१।३८ | १८,९४,६९०।०६ | कार्य सम्पन्न भएको |
| १० | नौले सिर्से काम्ल्याङ मोटरबाटो, सिउरे मोटरबाटो र नौले चकाडि मोटरबाटो, मेहेले मन्दिर सिरुबारे | | | ३ पटक ठेक्का आह्वान भइ कसैको ठेक्का नपरेको |

| | | | | |
|---|---|---|---|---|
| | मोटरबाटो र खरिखोला दरौदि मोटरबाटो | | | |
| ११ | करिमेला नमुना पर्यटकिय गाउँ सडक ढलान, रानीबास करिमेला ढलान र असर्फि अर्फो मपेश खोला मेसनरी वाल तथा बाटो मर्मत | ४७,०९,४३८।३० | ३४,२७,१७२।०० | काम भइरहेको सम्पन्न हुन अन्तिम चरणमा |

## ९. कृषि, पशु तथा सहकारी विकास शाखा

### कृषि शाखा

- यान्त्रिकरण कार्यक्रम अन्तर्गत ९ वटा मिनिटिलर , ६ वटा कम्बाईन मिल र ३ वटा कर्न सेलर खरिद गरि किसान समूह, फर्म र कृषकलाई ५०% अनुदानमा वितरण गरिएको,
- मौरिपालन तथा तेलहन बालि प्रवर्द्धन कार्यक्रम अन्तर्गत ६१ वटा खालि मौरीको घार खरिद गरि किसान समूह, फर्म र कृषकलाइ ७५% अनुदानमा वितरण गरिएको,
- साना सिँचाई कार्यक्रम अन्तर्गत अनुदानमा २ वटा सिंचाई पोखरी निर्माण तथा मर्मत गरिएको र समूको आवश्यकता अनुसार पाइप खरिद गरिएको,
- फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढिकरण कार्यक्रम अन्तर्गत अनुदानमा किसान समूह/फर्मलाइ आवश्यक कृषि सामग्री खरिद गरि वितरणका साथै किवीको पोल निर्माण कार्य सम्पन्न गरिएको,
- प्लाष्टिक घर निर्माण तथा सामग्री सहयोग कार्यक्रम अन्तर्गत अनुदानमा किसान समूहको एउटा प्लाष्टिक टनेल निर्माण तथा ४ वटा पलाष्टिक टनेल सुधारका लागि प्लाष्टिक वितरण गरिएको,
- तरकारी उत्पादन प्रबर्धनका लागि बिउ तथा मलचिङ्ग प्लाष्टिक सहाएता कार्यक्रम अन्तर्गत किसान समूह/फर्मलाई अनुदानमा ८ वटा स्प्रेयर तथा ७ रोल मलचिङ्ग प्लाष्टिक ७५% अनुदानमा वितरण गरिएको,
- कृषक समूह गठन, परिचालन, दर्ता तथा नियमित बैठक संचालन र कृषि प्राविधिकबाट उपलब्ध जैविक विषादि सहितको रोग किरा नियन्त्रणका लागि प्राविधिक सेवा प्रवाह भएको,
- बिषादी सम्बन्धी सचेतना कार्यक्रम ५ ओटै वडामा सम्पन्न भएको,
- कृषकसंग प्राबिधिक कार्यक्रम पालिकाको बिभिन्न ठाउँमा सम्पन्न भएको,

### पशु शाखा

- आ व २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पशुपन्छिहरुको उपचारका लागि रु १० लाख रुपियाँको औषधि खरिद गरि प्रत्येक वडा कार्यालयमा वितरण गरिएको,
- जुनोटिक रोग तथा AMR को बारेमा जनचेतना कार्यक्रम प्रत्येक वडा कार्यालयको सभाहलमा सम्पन्न गरिएको,

- पशुपन्छि बिमा सम्बन्धि प्रचार प्रसार कार्यक्रम प्रत्येक वडा कार्यालयको सभाहलमा सम्पन्न गरिएको,
- गाई/गोरु अनुदान कार्यक्रमको प्रस्ताव छनौट प्रकृया पुरा गरि भुक्तानी सम्पन्न भएको,
- पशुपालन सम्बन्धि २ दिने तालिम यस पालिकाको ५ वटै वडा कार्यालयको सभाहलमा सम्पन्न भएको,
- गण्डकी प्रदेश सरकार र भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय बागलुङ द्धारा संचालित पूर्ण खोप कार्यक्रम यस पालिकामा सम्पन्न भएको, जुन यस प्रकारका छन ।

गाईमा खोरेत = १६४

भैसीमा खोरेत = २५०८

भेडामा पि पि आर = ४८०

बाखामा पि पि आर = ४४५९

सुँगुर/बंगुरमा खोरेत = ७०

सुँगुर/बंगुरमा स्वाईन फिवर = ७२

कुकुरमा रेबिज = २५७

- यस पालिकाको पशु सेवा शाखा (५ वटै वडा मिलाएर) बाट सेवा प्रवाह भएको विवरणहरु यस प्रकारका छन। मिति २०८२ चैत्र १ गते देखि २०८३ असार ३२ गते सम्म

सेवा लाभग्राहि पशुपालक संख्या = ८३८

पशुपन्छिहरुको संख्या = ९३३४

फिल्डमा गएर सेवा प्रवाह गरेको कृषकको संख्या = १७०

फिल्डमा गएर सेवा प्रवाह गरेको पशुपन्छि संख्या = २०३

- भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय बागलुङको पत्रादेश अनुसार कृषक स्तर ३ दिने बाखा पालन तलिममा यस पालिकाबाट १ जना कृषकलाई पठाईएको,
- भेटेरिनरी आधारभूत प्रयोगशाला कार्यक्रमको समाग्रीहरुको खरिद गरि प्रत्येक वडा कार्यालयहरुमा वितरण गरिएको,
- पशु स्वास्थ्य शिविर कार्यक्रम यस ताराखोला गाउँपालिकाको वडा नं.२, ३ र ५ मा सम्पन्न भएको,
- दुध तथा मासु उत्पादानका लागी गाई/भैसी वितरण कार्यक्रम सम्पन्न भएको,
- पशुपालक कृषक र पशु प्राविधिक बिच अन्तरक्रिया कार्यक्रम प्रत्येक वडाको टोलबस्तीहरुमा गई उक्त कार्यक्रम सम्पन्न भएको,
- कृत्रिम गर्भाधान कार्यक्रम संचालन भैइरहेको, असार महिनामा कृत्रिम गर्भाधान सेवा प्रवाह भएको वितरणहरुः  भैसी - ३ वटा र गाई - ६ वटा  जम्मा ९ वटा रहेको,

## १०.शिक्षा तथा खेलकुद शाखा

| कार्यक्रमको नाम | विनियोजित बजेट (रु.) | खर्च रकम (रु.) | खर्च प्रतिशत | उपलव्धि |
|---|---|---|---|---|
| **आधारभुत तहका स्वीकृत दरवन्दीका शिक्षक ,राहत अनुदानका शिक्षकका लागि तलव भत्ता अनुदान** | ६,९७,९०,०००।- | ६,५९,३८,०००।- | ९४.४८ | २१ वटा विद्यालयका शिक्षकलाई तलव उपलव्ध गराइएको, |
| **माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक ,राहत अनुदानका शिक्षकका लागि तलव भत्ता अनुदान** | २,०८,८३,०००।- | १,९२,२३,०००।- | ९२.०५ | ५ वटा विद्यालयका शिक्षकलाई तलव उपलब्ध गराईएको, |
| **आधारभुत तहका विज्ञान गणित र अंग्रेजी विषयका अनुदानका शिक्षकका लागि तलव भत्ता अनुदान** | ९,२३,०००।— | ९,२२,९८०।— | ९९.९९ | २ विद्यालय<br>मालारानी आ.वि.<br>बराहखोला आ.वि<br>२ शिक्षकलाई तलव उपलब्ध गराईएको, |
| **माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान** | ३४,६८,०००।- | २८,४३,१४३।- | ८१.९८ | ३ वटा मा.वि.<br>प्रजातन्त्र-२<br>दुर्गाभवानी-३<br>शिक्षकलाई तलव उपलब्ध गराईएको<br>अर्गल माविमा १ जना शिक्षक नियुक्ति हुन नसकेको |
| **वालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान** | ७७,६५,०००।- | ७४,४५,३०३।- | ९५.८८ | २१ विद्यालय र<br>२१ वालविकास केन्द्रका सहजकर्ता र कर्मचारीलाई पारिश्रमिक उपलब्ध गराईएको, |

| | | | | |
|---|---|---|---|---|
| **शैक्षिक गुणस्तर सुदृढिकरण तथा कार्सम्पादनमा आधारित प्रोत्साहन** | २३,००,०००।- | २२,९९,२२२।- | ९९.९६ | नेपाल मा.वि शैक्षिक सुधार र दुर्गा भवानी मा.वि ल्याव व्यवस्थापन गरिएको, |
| **प्रति विद्यार्थी लागत विद्यालयलाई अनुदान** | ८,१७,०००।- | ८,१७,०००।- | १०० | २१ वालविकास २ २१ विद्यालयलाई लागत अनुदान उपलब्ध गराईएको, |
| **निःशुल्क पाठ्यपुस्तक विद्यालयलाई अनुदान** | १३,८३,०००।- | ११,६३,८७५।- | ८४.१५ | २१ विद्यालयका करिव १८४० विद्यार्थीलाई उपलब्ध गराईएको, |
| **नमुना विद्यालय भौतिक निर्माण** | १,००,००,०००।- | १००,००,०००।- | १०० | नेपाल मा.वि भवन निर्माण गरिएको, |
| **शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम** | ४,५०,०००।- | ९०,५५०।- | २१ | विद्यालय बाहिर भएका बालबालिका पहिचान गरिएको, |
| **छात्रवृत्ति** | २,७४,०००।- | १,५१,२००।- | ५५.१८ | २१ विद्यालय मा कक्षा १-५ सम्म अध्ययनरत छात्रालाई तथा दलित विद्यार्थीलाई रु ४०० का दरले छात्रवृत्ति अनुदान उपलब्ध गराईएको, |
| **दिवा खाजा** | ३६,३२,०००।- | ३४३४६३४।- | ९४.५६ | २१ वालविकास र २१ विद्यालय १०१३ विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराईएको, |

| | | | | |
|---|---|---|---|---|
| **संस्थागत क्षमता विकास, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण कार्यक्रम** | ७,३०,०००।- | ३,१३,५४५।- | ४२.९५ | -एकीकृत पाठ्यक्रम तालिम-३० दिन<br>-IEMIS तालिम ४१ दिन<br>-आई.सि.टी तालिम-२१दिन<br>- कक्षा ८ को अंग्रेजी बिषयको प्रश्नपत्र निर्माण कार्यशाला ८ दिन सञ्चालन भएको |
| **विद्यालय संचालन तथा व्यवस्थापन अनुदान** | १७,१०,०००।- | १६,३१,०००।- | ९५.३८ | २१ विद्यालय र बालबिकासलाई अनुदान उपलब्ध गराईएको |
| **कक्षा ५ र ८ को परीक्षा व्यवस्थापन** | ३,००,०००।- | १,८३,११७।- | ६१.०४ | गाउँपालिकास्तरीय परीक्षा संचालन गरि नतिजा विश्लेषण गरिएको, |
| **वालविकास सहजकर्ता र कार्यालय सहयोगी पारीश्रमिक** | ३२,००,०००।- | ३०,५५,०००।- | ९५.४७ | २१ वालविकास सहजकर्ता<br>२१ का.स.<br>६ विद्यालय कर्मचारीलाई तलव उपलब्ध गराईएको |
| **क्यालेण्डर छपाई र वितरण** | २,००,००० | २,००,०००- | १०० | विषय क्षेत्र र समय किटान सहित २६०० क्यालेण्डर छापी प्रत्येक घरधुरीमा वितरण गरिएको, |

| | | | | |
|---|---|---|---|---|
| **शैक्षिक अध्ययन अवलोकन भ्रमण** | ४,००,०००।- | ४,००,०००।- | १०० | गाउँशिक्षा समिति प्र.अ.सहित ४ वटा नमुना विद्यालय अध्ययन अवलोकन गरिएको, |
| **स्थानीय भाषा शिक्षक तालिम तलव भत्ता** | २,६०,०००।- | ६०,८७०।- | २३.४१ | सरोकारवालाहरु सहितको अन्तर्क्रियाबाट मगर भाषाको प्रकार पहिचान कार्यक्रम संचालन भएको, |
| **स्थानीय भाषा शिक्षक तयारी** | २,००,०००।- | १,१६,०६१- | ५८.०३ | विद्यालयमा अध्यापनरत १६ जना शिक्षकलाई ५ दिन वरावरको मगर भाषा शिक्षणको तालिमको व्यवस्थापन गरिएको, |
| **स्थानीय पाठ्यपुस्तक ६-८ लेखन तथा छपाई** | ८,००,०००।- | ५,८८,३९१।- | ७३.५५ | कक्षा ६-८ को पाठ्यपुस्तक लेखन र कक्षा ६-८ को पाठ्यपुस्तक छपाई र वितरण गरिएको, |
| **उत्कृष्ट विद्यार्थी सम्मान** | ८०,०००।- | ७४,५२०।- | ९३.१५ | कक्षा ५,८,१० र १२ मा प्रथम विद्यार्थी तथा अभिभावकलाई सम्मान गरिएको, |
| **स्थानीय पाठ्यपुस्तक १-५ छपाइ निर्माण** | ६,५०,०००।- | ५,५२,६२० | ८५.०२ | कक्षा १-५ को स्थानीय पाठ्यपुस्तक छपाई तथा वितरण गरिएको, |

| | | | | |
|---|---|---|---|---|
| **मगर भाषामा पाठ्यपुस्तक निर्माण** | ४,००,०००।- | ३,७०,०००।- | ९२.५ | कक्षा १ र २ को स्थानीय पाठ्यपुस्तक मगर ढुट भाषामा लेखन भएको , |

## ११.स्वास्थ्य शाखा

जम्मा सेवा ग्राही संख्या- १६,५५२ महिला-९,४२५ जना
पुरुष- ७,१२७ जना

| कार्यक्रमको नाम | सेवा पाएका जम्मा संख्या | कैफियत |
|---|---|---|
| पुर्ण खोप पाएका | ८६ | |
| गाउँघर क्लिनिक बाट सेवा लिएका जना | ३१६२ | |
| सरसफाई सेसन | १३२ पटक | |
| महिला स्वास्थ्य स्वयं सेविका मासिक बैठक | ६६० पटक | |
| महिला स्वास्थ्य स्वयं सेविकाले सेवा प्रदान गरेको जना | ३३४८ जना | |
| भिटामिन ए खाने ६-११ महिनाको बालबालिका | ९६ जना | |
| भिटामिन ए खाने १२-२३ महिनाको बालबालिका | ८६२ जना | |
| जुकाको औषधी खाने १२-५९ महिनाको बालबालिका | ७७८ जना | |
| बृद्धि अनुगमन गरिएका बालबालिका संख्या | ९२ जना | |
| बृद्धि गरिएको पटक | १५७१ पटक | |
| आईरन लिएका १०-१९ किशोरी संख्या | ९६८ जना | |
| विधालय तथा समुदाय स्वास्थ्य शिक्षा कार्यक्रममा सहभागी संख्या | ४६७८ जना | |
| पहिलो पटक आइरन चक्की र जुकाको औषधि पाएका गर्भवती महिला | ७१ जना | |
| गर्भवती जाँच सेवा | ७८ जना | |
| प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच गर्ने | ७३ जना | |
| परिवार नियोजन सेवा लिइरहेका संख्या | २२५ जना | |
| क्षयरोगका बिरामी | ३ जना | |

| | | |
|---|---|---|
| सुत्केरी सेवा लिने महिलाको संख्या | ४४ जना | |
| उत्तर प्रसुरी घरभेट सेवा लिने महिलाको संक्या | ६२ जना | |
| ग्रामीण भिडियो एक्सरे सेवा लिने महिलाको संख्या | ८५ जना | |
| सुरक्षित गर्भपतन सेवा लिने सेवाग्राहीको संख्या | २२ जना | |
| शंकास्पद क्षयरोगीको  खकार जाँच | १ जना | |

**स्वास्थ्य शाखा मार्फत गरिएका अन्य कामहरु**

- विश्व स्तनपान सप्ताहको अवसरमा सबै स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य आमा समूहहरूमा स्तनपान सम्बन्धी स्वास्थ्य शिक्षा संचालन भएको,
- अर्गल स्वास्थ्य चौकी, अमरभूमि स्वास्थ्य चौकी, हिल स्वास्थ्य चौकी र ताराखोला स्वास्थ्य चौकीमा MNH onsite coaching संचालन भएको,
- पालिकाको वार्षिक समीक्षा कार्यक्रममा स्वास्थ्यको प्रगति प्रस्तुतीकरण
- सबै स्वास्थ्य संस्थामा शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन (IMNCI) को स्थलगत अनु शिक्षण (Onsite Coaching) कार्यक्रम सम्पन्न भएको,
- अमरभूमि स्वा.चौ. र ताराखोला स्वास्थ्य चौकीमा संस्थाको न्युनतम सेवा मापदण्ड (MSS) लेखा जोखा कार्यक्रम सम्पन्न भएको,
- सबै महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको,
- गर्भवती महिलाहरूको निःशुल्क भिडियो एक्सरे (RUSG) सेवा सबै स्वास्थ्य संस्थामार्फत सम्पन्न भएको,
- आमा समूह, स्वास्थ्य संस्था र पालिका स्तरीय मासिक समीक्षा बैठक सम्पन्न भएको,
- क्षयरोग कार्यक्रमको on site coaching गरिएको,
- हिल स्वास्थ्य चौकीमा बृहत स्वास्थ्य शिबिर जस वाट ५६० जनालाई सेवा प्रदान गरिएको,
- हिल स्वास्थ्य चौकी र अमरभुमी स्वास्थ्य चौकीमा via शिविर सम्पन्न जस वाट १८४ जनालाई सेवा प्रदान गरिएको,
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेबिकाको १० दिने आधारभुत तालिम सम्पन्न गरिएको,
- स्वास्थ्य कर्मीहरुका लागी PAMS V2 सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको,

## १२. महिला बालबालिका शाखा

- लैंगिक हिसां बिरूद्धको १६ दिने अभियान माध्यमिक तहका विद्यालयस्तरीय सडक नाटक प्रतियोगिता आयोजना गरिएको जसमा ५ वटा विद्यालयको सहभागीता रहेको  र कुल बजेट १ लाख बिनियोजन भएको मा रू ७०,०००/- खर्च भएको,

- जनजाति सचेतना कार्यक्रम अन्तर्गत १ दिने कानुनी सचेतना कार्यक्रममा ८० जनाको सहभागी हुनुभएको जसमा रु.६४,५६०/- खर्च भएको,
- अपाङ्गता सहायता सामाग्री वितरण कार्यक्रम मा १७ जनालाई Comboard chair र ५ जनालाई Wheel chair घरघरमा गई वितरण गरिएको जसमा रू१,८९,९६० खर्च भएको,
- दलित कानुनी सचेतना कार्यक्रममा सम्पूर्ण वडाबाट ८० जनाको सहभागिता रहेको रू ६०,८४० खर्च भएको,
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा ५ वटै वडाका ५० जनालाई जिन्सी प्रदान गरिएको रू ९२,३०७.५० खर्च भएको,
- जिविकोपार्जन सुधार कार्यक्रममा ताराखोला गाउँपालिका वडा नं.५ मा नेपालि हातेकागज सम्बन्धी २६ जनालाई तालिम र प्रबिधि हस्तान्तरण बिनियोजित रू.९ लाख मध्ये रू ८,२९३,८० खर्च भएको,
- प्रदेश विशेष अनुदान अन्तर्गत गरिब तथा विपन्न दलित परिवार उथान कार्यक्रम अन्तर्गत दलित बिपन्न छात्र/छात्रालाई स्टेस्नरी प्रदान गरिएको, स्वास्थ्यबाट स्वास्थ संस्थामा Medical Tools खरिद गरी वितरण गरिएको र १ महिने कम्प्युटर तालिम प्रदान गरिएको जसमा खर्च रू.२४,४०,३७७/- भएको,
- आ.व.२०८२/०८३ मा ताराखोला गाउँपालिकाबाट १० वटा अपाङ्गता परिचय पत्र मध्ये ८ वटा पूर्ण अपाङ्गता र २ वटा अतिअशक्त अपाङ्गता परिचय पत्र वितरण गरिएको,

## १३ .पञ्जिकरण शाखा

| | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौंथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ८६८ | १,०४,००,७७४ | ८६१ | १,०२,७२,६४४ | ८४५ | १,०१,२६,१२४ | ८१५ | ९७,४४,७५८ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १२३ | ९,५४,९४० | १२९ | १०,१०,८०० | १३२ | १०,४८,०४० | १३४ | १०,६१,३४० |
| जेष्ठ नागरिक एकल महिला | ११७ | ९,१७,७०० | १२६ | १०,०२,८२० | १२५ | ९,९७,५०० | १२७ | १०,०२,८२० |
| विधवा | १९६ | १५,६१,४२० | १८९ | १५,००,२४० | १९३ | १५,२६,८४० | १९६ | १५,६०,३५६ |
| पूर्ण अपाङ्गता भत्ता | २१ | २,३५,४१० | २३ | २,७१,५८६ | २४ | २,८७,२८० | २५ | २,९९,२५० |
| अति अशक्त अपाङ्गता भत्ता | ६१ | ३,८५,१६८ | ६० | ३,८३,०४० | ५९ | ३,७६,६५६ | ५७ | ३,६३,८८८ |
| दलित बालबालिका | १५३ | २,४०,४६७ | १५६ | २,३९,७०८ | १४९ | २,२९,७५८ | १४७ | २,२५,०३१ |
| जम्मा | १५३९ | १,४६,९५,८७९ | १५४४ | १,४६,८०,८३८ | १५२७ | १४५९२१९८ | १५०१ | १,४२,५७,४४३ |

| | |
|---|---|
| आर्थिक वर्ष २०८२/०८३ मा कुल सामाजिक सुरक्षा भत्ता वितरणको विवरण रकम रु. | ५,८२,२६,३५८ |

**आर्थिक वर्ष २०८२/०८३को व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन**

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | २३ | १६ | ३९ | १० | १२ | २२ | ५ | २२ | १ | १ | ७ | ३० | ९६ |
| २ | १९ | १९ | ३८ | ११ | ११ | २२ | ३ | २० | २ | ६ | ८ | ३५ | ९३ |
| ३ | १९ | २० | ३९ | १५ | ४ | १९ | ४ | २४ | | | १७ | १०७ | १०३ |
| ४ | १४ | २१ | ३५ | ११ | ७ | १८ | | १६ | २ | ८ | ७ | ३७ | ७८ |
| ५ | ४२ | ३५ | ७७ | १३ | १४ | २७ | ६ | ४१ | ३ | १९ | ७ | १८ | १६१ |
| जम्मा | ११७ | १११ | २२८ | ६० | ४८ | १०८ | १८ | १२३ | ८ | ३४ | ४६ | २२७ | ५३१ |

## १४.रोजगार सेवा केन्द्र

- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आ.व २०८२।०८३ को लागि विनियोजित सशर्त बजेट रु.३२,७२,०००। (अक्षरमा बत्तीस लाख बहत्तर हजार रुपैयाँ) रहेको थियो।न्युनतम रोजगारी सिर्जनाको लागि प्राप्त बजेटबाट पूर्वाधार निर्माणको लागि ५ वटै वडामा सन्तुलित रुपमा वितरण गरी १८ वटा योजना सम्पन्न भएका छन।सवै योजना पूर्ण रुपमा सम्पन्न भइ अनुगमन तथा निरक्षण पश्चात भुक्तानी सम्पन्न भइसकेका,
- प्रधानमन्त्री रोजगारबाट सञ्चालित आयोजनाबाट न्युनतम रोजगारी सिर्जनाबाट महिला पुरुष गरि जम्मा ३०० जना श्रमिकले ४२०३ दिन काम गरेका,
- आ.व २०८३-०८४ को लागि बेरोजगार व्यक्तिलाई दर्ता तथा सूचिकरण गर्नको लागि सुचना जारी गरी NEPP System मा दर्ता तथा नविकरण कार्य चैत्र मसान्तमै गरिएको, जसमा पुरुषको संख्या ६११ रहेको, महिलाको संख्या ३६६ जना रहेको, यसरी जम्मा सूचिकृत बेरोजगारीको संख्या ९७७ रहेको,
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालित पूर्वाधार निर्माण योजना सम्पन्न गर्न नियमित रुपमा न्युनतम रोजगारीमा संलग्न भएका वडा नं १ का ३५ जना श्रमिकलाई “श्रमको सम्मान राष्ट्रको अभियान” कार्यक्रम गरी श्रमिकलाई सम्मान पत्र र दोसल्लाले सम्मान गरीएको,
- दिगो रोजगारि तथा उद्यमशिल बन्नको लागी र सीपमुलक दक्षता हासिल गर्नको लागि कुन प्रकृतिका रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने विषयमा स्थानीय जनप्रतिनिधि, शिक्षक तथा सरोकारवालाको सहभागितामा अन्तरक्रिया तथा छलफलको लागि रोजगार संवादमञ्च कार्यक्रम सञ्चालन गरिएको,
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई श्रम स्वीकृतिमा ४४ जनालाई सहजिकरण गरिएको,

- वैदेशिक रोजगारमा गई मृत्यु भएका परिवारका सन्ततिलाई वैदेशिक रोजगार वोर्डको सचिवालयबाट उपलब्ध हुने छात्रावृत्तिको लागि आवश्यक कागजात सहित ४ जना विद्यार्थीको आवेदन दिइएकोमा रकम समेत सम्बन्धित विद्यार्थीको खातामा आएको,
- वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवारलाई जघन्य रोग लागेको अवस्थामा पारिवारिक स्वास्थ्य उपचारको लागि गरिएको,
- वैदेशिक रोजगारिको सिलसिलामा रसियामा गई बेपत्ता भएका व्यक्तिको तुरुन्त खोजि कार्यको लागि कन्सुलर विभागमा कागजपत्र अनलाईन मार्फत पेश गरिएको, अन्य संस्था MRC, लगायतका सम्बन्धित निकायसंग पनि समन्वय तथा खोजिको लागी अनुरोध गर्ने कार्य भएको,
- रोजगार सीप तथा उद्यमशिलता शाखाको समन्वय र सहकार्यमा मनोसमाजिक परामर्शकर्ताद्धारा सुरक्षित वैदेशिक रोजगारीको विषयमा समुदायस्तरमा अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम ५ वटै वडाको टोलटोलमा गरिएको,
- वैदेशिक रोजगारीबाट फर्कीएका व्यक्तिहरुलाई सामाजिक आर्थिक तथा सांस्कृतिक रुपमा पुनःस्थापित बन्ने वातावरण निर्माण गर्न र उद्यमशिलता तथा स्वरोजगार बन्नको लागी २ पटक सम्म अभिमुखिकरण कार्यक्रम गरिएको,
- लघुउद्यम शाखाको समन्वयमा स्थानीय स्तरमा उद्यमशिलता गरेका उद्यमीलाई थप व्याबसायिक बन्ने सम्बन्धमा तालिम दिईएको,
- वैदेशिक रोजगारीबाट प्रभावित वा जान चाहाने व्यक्तिलाई सुरक्षित रुपमा वैदेशिक रोजगारीमा जाने प्रक्रिया सम्बन्धमा सूचना दिने कार्य गरिएको,
- वर्तमान अवस्थामा शारिरिक रोग भन्दा जघन्य रुपमा देखिएको मानसिक रोगलाई न्युनिकरण गर्न रोजगारशाखाको पहल कदमिमा एक जना मनोसामाजिक परामर्शकर्ता नियुक्त भई मनोपरामर्शको लागि टोलटोलमा पठाईको, हालसम्म १० जना मनोरोगिलाई परामर्श दिने काम भएको,
- ताराखोला गाउँपालिकाले सञ्चालन गरेको अशल अभ्यासको कार्य रोजगार सीप तथा उद्यमशिलता केन्द्र र आइटि शाखाद्धारा कार्यसञ्चालन भएको, स्थानीय स्तरमा आर्थिक अवस्था कमजोर रहेका र दिगो रोजगारीमा संलग्न हुन नसकेका आंशिक श्रमिकलाई स्वास्थ्य उपचार, साठि वर्ष पछि पेन्सनको व्यवस्था लगायतका प्याकेज सुविधा लिन सक्ने व्यवस्था रहेको, नेपाल सरकाले लिएको लक्ष्यमा थप गरी ताराखोला गाउँपालिका रोजगारदाता बनेर अनौपचारिक क्षेत्रबाट हालसम्म ६३ जना श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको, गाउँपालिकाको पहल र समन्वयमा डिजिटल कार्ड वितरण कार्य समेत सम्पन्न गरिएको,

## १५. लघुउद्यम शाखा

- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत १ महिने काष्ठजन्य सामाग्री उत्पादन सिप विकास तालिम ताराखोला गाउँपालिका ३ बराहखोलामा १२ जनाको सहभागितामा सञ्चालन भएको,
- स्थानिय तहमा जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत श्री जनएकता बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड मार्फत ७ दिने नेपालि कागज (लोक्ता) प्रशोधन तथा हस्तकला सामाग्री उत्पादन सिप विकास तालिम २५ जनाको सहभागितामा ताराखोला गाउँपालिका ५ करिमेलामा सञ्चालन भएको,
- प्रदेश विषेश अनुदान अन्तर्गत आयमुलक काम शीर्षक अनुसार ताराखोला गाउँपालिकाको ५ वटै वडामा १०७ जनाको सहभागितामा १ महिने निःशुल्क कम्प्युटर सिप विकास तालिम सञ्चालन भएको,
- १ दिने लेवलिङ,प्याकेजिङ,बाण्डिङ तथा दर्ता सम्बन्धी तालिम ताराखोला गाउँपालिका भित्रका ५ वटै वडामा १०० जना कृषक साथै लघु उद्यमीहरुको सहभागितामा सम्पन्न गरिएको,
- स्तरोन्नति तर्फ १५ दिने होजियारी सम्बन्धी प्राविधिक सिप विकास तालिम ताराखोला गाउँपालिका वडा नं. २ भातखानेडाडामा सञ्चालन भएको,
- लघु उद्यमी समुह साथै कृषि समुहका लागि १ दिने पालिकास्तरिय स्थानिय उत्पादन प्रदर्शनी कार्यक्रम सञ्चालन भएको,
- सोनाम अल्लो कपडा उत्पादन लघु उद्यमी समुह र ताराखोला काष्ठकला उत्पादन लघु उद्यमी समुहलाई अल्लो कपडा रोलर मेशिन र खरात मेशिन सेट खरिद गरि हस्तान्तरण गरिएको,
- कोशेलि घर व्यवस्थापनका लागि गाउँपालिका कार्यालय साथै वडा कार्यालयमा रहने गरि आवश्यक फर्निचर निर्माण कार्य भएको,

## १६.नागरिक आरोग्य सेवा केन्द्र

- जम्मा बिरामी सेवाग्राही संख्या १५५५ जना
- पूर्वकर्म (स्नेहन, स्वेदन) सेवाग्राही संख्या १७७ जना
- स्तनपायी आमा (६ महिना भन्दा मूनिका बच्चाको आमा) लाई स्तन्य दुग्धबर्धक औषधी वितरण सेवाग्राही संख्या २९ जना
- जेष्ठ नागरिकलाई विविध प्रकारका औषधी वितरण सेवाग्राही संख्या १३४ जना

## १७.न्यायिक समिति

- दर्ता भएको विवाद संख्या -२
- मेलमिलाप भएको विवाद संख्या -१
- तामेली भएको विवाद सङ्ख्या -१
- मेलमिलापकर्ता संख्या -२१

१८. सेवा प्रवाहमा भएका असल अभ्यास तथा सुधारहरू

- योजना पुस्तिका छपाई गरि वडा वडामा गई योजना सम्झौता गर्ने, प्रशिक्षण दिने कार्य भएको,
- नियमित ANC/PNC भिजिट गरी घर घरमा स्वास्थ्य सुविधा उपलब्ध गराईएको,
- सूचना देखि अधिकांश ठेक्कामा ई-बिडिङको प्रयोग गरिएको,
- अनौपचारिक क्षेत्रका ६३ श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध गरि डिजिटल कार्ड समेत वितरण गरिएको,

## निष्कर्ष

ताराखोला गाउँपालिकाद्वारा मिति **२०८३/०४/२२ गते सञ्चालन गरिएको आ.व. २०८२/०८३ को वार्षिक समीक्षा कार्यक्रम** गाउँपालिकाको एक वर्षको समग्र कार्यसम्पादन, योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था, सेवा प्रवाह, वित्तीय तथा भौतिक प्रगति र प्राप्त उपलब्धिहरूको समीक्षा गर्ने महत्वपूर्ण अवसरका रूपमा सम्पन्न भएको छ। कार्यक्रममा गाउँपालिकाका विभिन्न शाखा, वडा कार्यालय तथा सम्बन्धित पदाधिकारीहरूबाट आ–आफ्नो क्षेत्रको प्रगति विवरण प्रस्तुत गरी कार्यसम्पादनका सकारात्मक पक्ष, सुधार गर्नुपर्ने क्षेत्र तथा आगामी दिनमा अपनाउनुपर्ने कार्यदिशाका विषयमा छलफल गरिएको छ।

समीक्षाबाट विगत आर्थिक वर्षमा सञ्चालन भएका योजना तथा कार्यक्रमहरूबाट प्राप्त उपलब्धिहरूलाई थप संस्थागत गर्दै कार्यान्वयनमा देखिएका कमी–कमजोरी तथा चुनौतीहरूलाई आगामी दिनमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। साथै, **योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, स्रोत–साधनको मितव्ययी एवं अधिकतम उपयोग, वित्तीय अनुशासन, पारदर्शिता तथा जवाफदेहिता, अन्तरशाखा तथा वडा समन्वय र गुणस्तरीय सेवा प्रवाहलाई थप सुदृढ गर्दै लैजानुपर्ने** विषयमा जोड दिइएको छ।

यस समीक्षा कार्यक्रमबाट प्राप्त सुझाव, सिकाइ तथा निष्कर्षलाई आगामी आर्थिक वर्षका नीति, योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा उपयोग गर्दै **नतिजामुखी, नागरिकमैत्री, पारदर्शी, जवाफदेही तथा प्रभावकारी स्थानीय शासन प्रणालीको विकास गर्न सहयोग पुग्ने** अपेक्षा गरिएको छ। समग्रमा, वार्षिक समीक्षा कार्यक्रमले गाउँपालिकाको विगत कार्यसम्पादनको वस्तुनिष्ठ समीक्षा गर्नुका साथै आगामी कार्यदिशा स्पष्ट गर्न उपयोगी आधार प्रदान गरेको निष्कर्ष निकाल्न सकिन्छ।


"श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पूर्वाधार:
गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार"
बार्षिक समिक्षा - २०८२/०८३
"आर्थिक वर्ष २०८२/०८३ को बार्षिक समिक्षा कार्यक्रम"
मितिः- २०८३ श्रावण २२ गते
समयः- बिहान ठिक ११:०० बजे
स्थानः ताराखोला गाउँपालिकाको सभाहल
आयोजक
ताराखोला गाउँपालिका
अर्गल, बागलुङ


जन्म
महिलाः- १९
पुरुषः- १९ जम्माः= ३८
बार्षिक समिक्षा - २०८२/०८३
"आर्थिक वर्ष २०८२/०८३ को बार्षिक समिक्षा कार्यक्रम"



आज मिति २०८३/०४/२२ गतेका दिन यस ताराखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक समिक्षा बैठक अध्यक्ष श्री धन बहादुर वि.क ज्यूको अध्यक्षतामा बसियो जसको उपस्थिति तपसिल बमोजिमको रहेको छ।

उपस्थितिः-

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री धन बहादुर वि.क. | अध्यक्ष | |
| २. | श्री भिम बहादुर रोका | उपाध्यक्ष | |
| ३ | श्री बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री यम बहादुर श्रीस | वडा अध्यक्ष वडा नं. १ | |
| ५. | श्री भद्र बहादुर घर्ति | वडा अध्यक्ष वडा नं २ | |
| ६. | श्री प्रेम बहादुर बुढाथोकी | का.व. वडा अध्यक्ष वडा नं ३ | |
| ७. | श्री जित बहादुर खत्री | वडा अध्यक्ष वडा नं ४ | |
| ८. | श्री मन बहादुर रोका | वडा अध्यक्ष वडा नं ५ | |
| ९. | श्री गौरीमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १०. | श्री चन्द्रकली रोका | कार्यपालिका सदस्य | चन्द्रकली |
| ११. | श्री फुलमाया पुन | कार्यपालिका सदस्य | |
| १२. | श्री खड्क बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १३. | श्री मन कुमारी दर्जी | कार्यपालिका सदस्य | मन कुमारी |
| १४. | श्री लाल प्रसाद शेरचन | कार्यपालिका सदस्य | |
| १५. | अयन्ती रोका मगर | हे. अ. अर्गल स्वा. चौ. | |
| १६ | सुनिता थापा | अ. हे. व | |
| १७. | निशा पुन | जे. स्वा. नि. | |
| १८ | कपिला वि.क | अ.न.मी. (हिल स्वा. चौकी) | Kapila |
| १९ | श्रिता लामा | परियोजना संयोजक (सिटेड) | |
| २०. | दुर्गा देवी शर्मा | कृषि अधिकृत (सातौं) | |
| २१ | लोकनाथ खड्का | अमिन | |